# कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन

जितेन्द्र नकर्मी
कोषाध्यक्ष

यस सभाका सभापति महोदय, प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि वर्ग, पत्रकार मित्रहरु, उपस्थित सदस्य संस्थाका प्रतिनिधिहरु, कर्मचारी वर्ग एवं संघलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु ।

यस संघको २४ औं वार्षिक साधारण सभामा उपस्थिति भई हाम्रो उत्साह उमङ्गलाई हौसला बढाईदिनु भएकोमा सम्पूर्ण सदस्य संस्थाका प्रतिनिधि, शुभचिन्तक, अतिथिवर्गहरुमा संघको सञ्चालक समिति र मेरो तर्फवाट हार्दिक धन्यवाद व्यक्त गर्दछु । वचत संघको २४ औ वार्षिक साधारण सभाको अवसरमा आ.व. ०७७/०७८ को आर्थिक गतिविधिको प्रतिवेदन एवं आ.व. ०७८/०७९ को अनुमानित आय व्यय विवरण तपाईहरु समक्ष प्रस्तुत गर्न पाउँदा ज्यादै गौरवको महसुश गरेको छु ।

देशमा विभिन्न समयमा आर्थिक क्षेत्रमा देखा परेको संक्रमणकालिन अवस्थामा पनि सदस्य संस्थाले यस संघ प्रति देखाउनु भएको विश्वास र सहयोगले नै संघको कारोबारहरु अत्यन्त उत्साहजनक रहेको छ जसको फलस्वरुप विगत वर्षमा भन्दा यो वर्ष संघले प्रगति गर्दै जान सकेको कुरा यहाँ व्यक्त गर्न पाउँदा हामीले गौरव महशुस गरेका छौं र सबै कुरा वित्तिय विवरणहरुबाट प्रष्ट नै रहेको छ ।

आर्थिक तथा सामाजिक रुपमा महत्वपूर्ण योगदान पुऱ्याउदै सदस्य संस्थाहरुलाई सहकारीको मुल्य, मान्यता अनुरुप सञ्चालन गरी संस्थाहरुको दिगो विकास गरि तालिम, शिक्षा, गोष्ठी र सीपमुलक कार्यक्रम, संस्थागत वित्तीय अनुशासन, वित्तीय व्यवस्थापन, रणनीतिक योजना लगायत विभिन्न नीति नियम तर्जूमा जस्ता कार्यमा यस संघले आफ्ना सदस्य संस्थाहरुलाई सहयोग पुऱ्याउदै आएको छ ।

यस आ.व. ०७७/०७८ को कारोवारबाट संघलाई रु. २,९६,५८,२३६।९४ कूल बचत भएको छ । सो रकममा अन्तिम करकट्टी भएका आम्दानीहरु लाभांश रु.३,९२,०८७।८२ र संरक्षित पूँजि फिर्ताकोष रु.३,११,११०।४४ घटाई यस आ.व.मा कर्मचारी उपदान खर्च बापत छुट्याईएको रु. १,७१,२८८।०० लाई आम्दानी जनाई बाँकी बचतमा ५ प्रतिशतले रु १४,५६,३१६।- व्यवस्था गरी रु. २,८२,०१,९२०।९४ खुद वचत भएको व्यहोरा जानकारी गराउँदछु। उक्त खुद वचतको रकम रु. २,८२,०१,९२०।९४ मध्ये सहकारी ऐन २०७४ बमोजिम जगेडा कोषमा रु. ७०,५०,४८०।२४ छुट्याई बाँकी रकम रु.२,११,५१,४४०।७१ बाट सहकारी ऐन २०७४ अनुसार संरक्षित पूँजी फिर्ता कोषमा २५ प्रतिशतले हुन आउने रु ५२,८७,८६०।१८ र ०.५ प्रतिशतले हुन आउने सहकारी प्रवर्द्धन कोषमा रु १,०५,७५७।२० व्यवस्था गरी बाकी रकम रु १,५७,५७,८२३।३३ मध्ये बाट शेयर लाभाँस कोषमा रु ९,४५४,६९४, सहकारी शिक्षा कोषमा रु ७,८७,८९१।१७, कर्मचारी वोनस कोषमा रु १५,७५,७८२।३३, घाटापुर्ती कोषमा रु ७,८७,८९१।१७, सामुदायिक विकास कोषमा रु ७,८७,८९१।१७, सहकारी विकास कोषमा रु ७,८७,८९१।१७, अन्य जोखिम व्यवस्थापन कोष रु ७,८७,८९१।१७ गरि सहकारी नियमावली २०७५ अनुसार कोषहरुको बाँडफाँड गरिएको छ । सो ब्यहोरा २०७७।०७८ को वासलात तथा आयव्यय विवरणसँग सम्बन्धित अनुसूचिहरुबाट स्पष्ट हुनेछ ।

अव म यस वर्षको वचत संकलन, ऋण लगानी एवं असुली, शेयर पूँजी, आम्दानी खर्च बिवरण र सम्पत्ती सम्बन्धी केही विवरणहरु पेश गर्न चाहन्छु ।

१) **बचत संकलन –**

संघको गत आ.व.मा कुल निक्षेप रकम रु. १,०७,७७,५३,३७२।४४ रहेकोमा यस वर्ष रु. ७,३३,७७,८३,२५६।७० संकलन गरि रु.७,२१,१८,१४,५०८।६१ फिर्ता भई यस आ.व. मा रु १२,५९,६८,७४८।०९ ले थप भई यस बर्षको अन्त्यमा कुल निक्षेप रकम रु.१,२०,३७,२२,१२०।५३ रहेको ब्यहोरा जानकारी गराउँदछु ।

२) **ऋण लगानी एंव असुली तर्फ**

संघको गत आ.व.को कुल ऋण लगानी रकम रु. ३१,७०,३७,४२८।- रहेकोमा यस वर्ष रु.५३,००,२०,०००।- लगानी तथा रु.२३,४३,४६,३२०।२४ असुली गरी यस आ.व. मा रु २९,५६,७३,६७९।७६ ले थप भई यस बर्षको अन्त्यमा कुल ऋण लगानी रु.६१,२७,११,०९९।८० रहेको ब्यहोरा जानकारी गराउँदछु ।

३) **शेयर पूँजी –**

संस्थाको शेयर पूँजीमा गत वर्ष रु ३,४८,३३,०००।०० रहेकोमा यस वर्ष रु.३,१९,३६,०००।- ले थप तथा संस्था मर्ज तथा खारेज भई रु ५,४३,०००।०० फिर्ता भई यस आ.व. को अन्त्य सम्ममा रु.६,६२,२६,०००।०० रहेको छ ।

४) **आम्दानी तर्फ –**

आ.व २०७७।०७८ को प्रस्तावित बजेट अनुसार आम्दानी तर्फ कुल रु ९,९०,९९,८४३।४७ लक्ष्य लिएकोमा COVID-19 का कारण सिर्जनाभएको प्रतिकुल अवस्थाको बावजुद आम्दानी रु १०,५२,११,३६२।६३ गर्न सफल भएकोछ जुन निर्धारित लक्ष्य भन्दा ६.१७ प्रतिशतले बढि हो ।

५) **खर्च तर्फ –**

आ.व २०७७।०७८ को प्रस्तावित बजेट अनुसार कुल रु.७,७९,७७,००१।९२ खर्च हुने अनुमान गरिएकोमा कुल रु ७,५५,५३,१२५।३० खर्च हुन गएको छ । विस्तृत बिवरण नाफा/नोक्सान हिसाब तथा अनुसूचिमा उल्लेख गरिएको छ ।

६) **स्थिर सम्पती –**

संघको गत वर्षको कुल स्थिर सम्पत्ति जम्मा रु ७,११,२७०।- रहेकोमा यस आ.व २०७७।०७८ मा रु ९,१६,४७७।०९ को सम्पत्ति खरिद गरि जम्मा कुल रु १६,२७,७४७।०९ भएकोमा यस वर्ष लेखा पद्धति अनुरुप ह्रासकट्टि रु ३,९३,३२०।२६ गरी जम्मा रु १२,३४,४२६।८३ वराबरको स्थिर सम्पत्ति रहेको ब्यहोरा जानकारी गराउँदछु ।

७) **संस्थागत कोष –**

गत वर्ष सम्मको कुल संस्थागत कोष (जगेडा कोष र घाटा पूर्तिकोष) रु ३,८०,१४,२२६।९२ रहेको र यस वर्ष ऐन तथा संघको विनियममा भएको व्यवस्था बमोजिम रु.७०,५०,४८०।२४ जगेडा कोष र रु ७,८७,८९१।१७ घाटा पूर्तिकोषमा थप भई कुल संस्थागत कोषमा रु ४,५,८५२,५९८।३३ रहेको जानकारी गराउन चाहन्छु ।

८) **जोखिम व्यहोर्ने कोष–**

गत बर्ष रु ६०,३२,०९३।- को जोखिम व्यहोर्ने कोषको व्यवस्था गरिएकोमा यस आ.व. ०७७।०७८ मा सहकारी ऐन तथा नियमावली बमोजिम रु ८४,०९,९३०।७४ थप गरी यस वर्षको जोखिम व्यहोर्ने कोषमा रु १,४४,४२,०२३।७४ रहेको व्यहोरा यस सम्मानित साधारण सभामा राख्न चाहन्छु ।

९) **अन्य कोषहरु**

गत वर्षको अन्त सम्म अन्य कोषमा कुल १,२१,७८,७४८।०३ रहेकोमा विनियम बमोजिम संचालक समितिको निर्णय बमोजिम शेयर लाभांश कोष बाट रु. ५०,७१,६५७।३१, कर्मचारी बोनस कोष बाट

रु. ६,३९,२४३।०० र राहत कोष बाट कोरोना भाईरसको संक्रमणबाट मृत्यु भएका नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. बनेपा कार्यालयमा कार्यरत सुसन सैंजुको परिवारलाई आवास निर्माण गर्न रु. ५१,१११।०० राहत स्वरुप सहयोग गरी यस वर्ष कुल रु १,४९,६९,९३२।१६ थप भई अन्य कोषहरुमा कुल रु २,१३,८६,६६८।८८ रहेको व्यहोरा जानकारी गराउँन चाहन्छु ।

१०) **सहयोग, छुट तथा सहुलियत**

विगतका बर्षहरुमा जस्तै यस वर्ष पनि समयमै किस्ता व्याज तिर्ने ऋणी सदस्यहरुलाई व्याज रकममा १ प्रतिशत छुटका साथै कोरोना माहामारीको असरलाई मध्यनजर गरी बन्दाबन्दीका बिचमा साँवा व्याज तिर्ने संस्थालाई व्याज रकममा १५ प्रतिशत र बन्दाबन्दी पछि आषाढ मसान्त सम्ममा साँवा व्याज तिर्ने संस्थालाई व्याज रकममा १० प्रतिशत ले कुल रु. ५६०९१२।२५ छुट उपलब्ध गराईएको छ ।

त्यस्तै बन्दाबन्दीका बिचमा तरलता अभाव भएका संस्थालाई बिना धितो तथा अन्य शुल्क नलाग्ने गरी प्रति संस्था बिना धितोमा तिस लाख रुपैंया र धितोमा अधिकतम पचास लाख रुपैया ऋण उपलब्ध गराउने उद्देश्यले रु. पाँच करोडको COVID-19 कोषको स्थापना गरीएको थियो साथै तरलता अभाव भएका संस्थाहरुलाई २०७८ आश्विन मसान्त सम्म किस्ता रकममा व्याज मात्र भुक्तनी गर्ने व्यवस्था मिलाईएको थियो ।

अन्त्यमा, म यस संघको आ.व. ०७७/०७८ को हरहिसावको अन्तिम लेखा परीक्षण २३ औ वार्षिक साधारण सभाको निर्णय वमोजिम लेखा परिक्षक चाटर्ड एकाउन्टेन्ट(सि.ए) राजकुमार फुयाल (आर.के.फुयाल एण्ड एसोसिएट्स) बाट गराएको जानकारी गराउन चाहन्छु । साथै यस सम्मानित सभामा प्रस्तुत आ.व. ०७८/०७९ को वार्षिक कार्यक्रम तथा वजेट उपर आवश्यक छलफल सहित पारित गरिदिनु हुन अनुरोध गर्दछु । साथै यस संघलाई आजको अवस्था सम्म ल्याउन सहयोग गर्नुहुने पूर्व सञ्चालक, वर्तमान सञ्चालक समिति तथा अन्य उप-समितिका सदस्यहरु, सदस्य संस्थाहरु, कर्मचारी साथीहरु लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउन हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

जय बचत जय सहकारी !!

धन्यवाद